**प्रस्तावहरुः**

२०८१/०८२-०९।०१ अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन समिक्षा सम्बन्धमा

२०८१/०८२-०९।०२ गाउँपालिकाबाट नागरिकलाइ उपलब्ध गराउने सेवा प्रवाह प्रभावकारीता वढाउने सम्बन्धमा ।

२०८१/०८२-०९।०३ संघ, प्रदेश लगायतका अन्य कार्यालयहरुबाट प्राप्त पत्र, निर्देशन, सूचना तथा यस कार्यालयबाट भए, गरेका कार्यहरुको जानकारी सम्बन्धमा ।

२०८१/०८२-०९।०४ गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधिहरु उपस्थित भएको कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान सम्बन्धमा ।

२०८१/०८२-०९।०५ सोह्रौं गाउँसभा अधिवेशनको समिक्षा सम्बन्धमा ।

२०८१/०८२-०९।०६ आर्थिक वर्ष २०८१/०८२ को आय, व्यय सहित अर्धवार्षिक समिक्षा सम्बन्धमा।

२०८१/०८२-०९।०७ सेवा करारमा कार्यरत कर्मचारीको म्याद थप सम्बन्धमा।

२०८१/०८२-०९।०८ स्थापना दिवस सञ्चालन सम्बन्धमा ।

२०८१/०८२-०९।०९ एक झलकमा रूपा अङ्क ३ प्रकाशन सम्बन्धमा ।

२०८१/०८२-०९।१० अध्ययन अवलोकन भ्रमण सम्बन्धमा ।

२०८१/०८२-०९।११ मौरी प्रवर्धन कार्यक्रम सम्बन्धमा ।

२०८१/०८२-०९।१२ विद्यालयहरुको प्रस्ताव छनौट तथा स्वीकृती सम्बन्धमा

२०८१/०८२-०९।१३ शिक्षक काज खटाउने सम्बन्धमा।

२०८१/०८२-०९।१४ विद्यालय अनुगमन समिति निर्माण सम्बन्धमा।

२०८१/०८२-०९।१५ मादी नदी खाल्टे दोभानघाटमा नदिजन्य पदार्थ उत्खनन भण्डारण र वितरणका लागि ठेक्का सम्झौता सम्बन्धमा ।

२०८१/०८२-०९।१६ विविध सम्बन्धमा ।

खर्च अनुमोदन सम्बन्धमा ।

**निर्णयहरुः**

**कार्यपालिका निर्णय नं २०८१/०८२-०९।०१**

प्रस्ताव नं २०८१/०८२-०९।०१ उपर छलफल गर्दा १५९ औ कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा छलफल तथा समिक्षा गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०९।०२**

प्रस्ताव नं २०८१/०८२-०९।०२ उपर छलफल गर्दा गाउँपालिकाबाट नागरिकलाई उपलब्ध गराउने सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सार्वजनिक सेवा तथा क्षमता विकास समितिलाई सक्रिय बनाई जनगुनासोका विषयलाई सम्बोधन गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०९।०३**

प्रस्ताव नं २०८१/०८२-०९।०३ उपर छलफल गर्दा संघ, प्रदेश तथा अन्य निकायहरुबाट प्राप्त पत्र तथा निर्देशनहरु र कार्यालयमा भए, गरेका कार्यहरुको बारेमा जानकारी  गरियो ।



रुपा गाउँपालिका कास्की

**कार्यपालिका निर्णय नं २०८१/०८२-०९।०४**

प्रस्ताव नं २०८१/०८२-०९।०४ उपर छलफल गर्दा गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधिहरु उपस्थित भएका तथा यस गाउँपालिकामा भए गरेका तपसिलका कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान गरियो।

खाल्टेखोला पुल संघीय कार्यक्रममा वहुवर्षीय ठेक्का स्वीकृत

कृषि मन्त्रालयमा समन्वयात्मक वैठक

रूपाताल परियोजना समन्वयात्मक वैठक

न्यायिक समितिद्वारा सञ्चालित मेलमिलापकर्तालाई अभिमुखीकरण कार्यक्रम

वडा नं १ को कार्यालय भवनको जग्गा प्राप्ति

**कार्यपालिका निर्णय नं २०८१/०८२-०९।०५**

प्रस्ताव नं २०८१/०८२-०९।०५ उपर छलफल गर्दा मिति २०८१ पौष २६ गते सञ्चालन भएको गाउँसभा अधिवेशनको वैठकमा भए गरेका कार्यहरूको समिक्षा गरी उक्त सभामा उठेका सवालहरूको सम्बोधन सहित आगामी दिनहरूमा सेवा प्रवाहमा तथा विकास निर्माणमा अनुसरण गर्ने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०९।०६**

प्रस्ताव नं २०८१/०८२-०९।०६ उपर छलफल गर्दा कार्यालय प्रमखद्वारा पेस भएको आर्थिक वर्ष २०८१।०८२ को पहिलो अर्धवार्षिक आय, व्यय सहितको प्रतिवेदन उपर छलफल तथा समिक्षा गरी स्वीकृत गरियो ।

**,कार्यपालिका निर्णय नं २०८१/०८२-०९।०७**

प्रस्ताव नं २०८१/०८२-०९।०७ उपर छलफल गर्दा आर्थिक वर्ष २०८१।०८२ को लागी रूपा गाउँ कार्यपालिकाको कार्यालय कास्कीलाई सेवा गर्नेगरी मिति २०८१ श्रावण ७ गतेको गाउँ कार्यपालिकाको निर्णयानुसार करार अवधिको म्याद २०८१ पुष मसान्तसम्म रहेका सेवा करारमा कार्यरत कर्मचारीहरूको पन्ध्रौ गाउँसभा अधिवेशन बैठकबाट स्वीकृत सेवा सुविधा नवढ्नेगरी उक्त कर्मचारीहरूको करार अवधि २०८२ असार मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०९।०८**

प्रस्ताव नं २०८१/०८२-०९।०८ उपर छलफल गर्दा मिति २०८१ फाल्गुण २७ गते सञ्चालन हुने स्थापना दिवस भव्य र सव्य रूपमा सम्पन्न गर्न समिति तथा उपसमिति गठन गरी परिचालन गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०९।०९**

प्रस्ताव नं २०८१/०८२-०९।०९ उपर छलफल गर्दा रुपा गाउँपालिका कास्कीले सम्पादन गरेका कार्यहरूको समावेश गरी लिपिवद्ध बनाइ नागरिकहरूलाई सुसुचित गर्न विगत वर्षहरूमा प्रकाशित हुँदै आएको एक झलकमा रूपा अङ्क ३ प्रकाशन गर्ने र सो कार्यको लागि तपसिलको सम्पादन मण्डल गठन गरियो ।

तपसिलः

संयोजकः बाबुराम गैह्र शिक्षा अधिकृत सातौं

सदस्यः लोकनाथ पौडेल प्रशासकीय अधिकृत सातौं
सदस्यः शुशिल अर्याल पशु चिकित्सक सातौं
सदस्यः लेखनाथ अधिकारी लेखापाल
सदस्यः

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-०९।१०</u>**

प्रस्ताव नं २०८१/०८२-०९।१० उपर छलफल गर्दा रुपा गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूको असल अभ्यास आदानप्रदान सहितको अवलोकन भ्रमण नेपाल तथा भारतका विभिन्न स्थानहरूमा गर्नेगरी पेस भएको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-०९।११</u>**

प्रस्ताव नं २०८१/०८२-०९।११ उपर छलफल गर्दा आर्थिक वर्ष २०८१।०८२ को लागि मौरी प्रवर्धन कार्यक्रम सञ्चालनार्थ रूपा गाउँ कार्यपालिकाको मिति २०८१ पौष ०१ को निर्णयानुसार कृषकको तर्फबाट लागत साझेदारीबापतको रकम रू ३५००।-कायम गरी प्रस्ताव आह्वान गरिएकोमा चालु आर्थिक वर्षमा स्वीकृत कार्यक्रमको लागि लागत अनुमान अनुसार ५२७ मौरीसहितको घारकालागि स्रोत सुनिश्चित भएको तर कृषक तथा फर्महरूबाट ११६९ घार बराबर हुन आउने रकम रू ४० लाख ९२ हजार ५०० दाखिला भएकाले कार्यविधिअनुसार किसान छनौट गरी बाँकी रकम रु २२ लाख ४८ हजार फिर्ता गर्न प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-०९।१२</u>**

प्रस्ताव नं २०८१/०८२-०९।१२ उपर छलफल गर्दा रुपा गाउँपालिकाको बार्षिक बजेट तथा कार्यक्रममा समावेश भएको कार्यक्रम कार्यान्वयनका लागि मिति २०८१।७।७ मा प्रकाशित सूचना अनुसार बिभिन्न बिद्यालयहरुबाट प्राप्त तपसिल बमोजिमका प्रस्तावहरु छनौट गरी निम्नानुसारको बजेट स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिलः

| क सं. | कार्यक्रमको नाम | विद्यालयको नाम | स्वीकृत बजेट |
|---|---|---|---|
| १ | गणित प्रयोगशाला स्थापना | कालिका मा वि | १ लाख |
| | गणित प्रयोगशाला स्थापना | रुपा ज्योति मा वि | १लाख |
| २ | पढ्दै कमाउदै कार्यक्रम | जनता मा वि | ५ लाख |
| | पढ्दै कमाउदै कार्यक्रम | इन्द्रायणी आ वि | २ लाख |
| ३ | विद्यालय मर्मत तथा रङ्रोगन | रुपा ज्योति मा वि | ५० हजार |
| | विद्यालय मर्मत सुधार | पृथ्वीरुपा मा वि | ७५ हजार |
| | विद्यालय मर्मत सुधार | भैरवी आ वि | ७५ हजार |
| | विद्यालय मर्मत सुधार | चण्डी आ वि | ५० हजार |
| | विद्यालय मर्मत सुधार | अरुणोदय आ वि | ५० हजार |

| | | | |
|---|---|---|---|
| | विद्यालयको कार्यालय व्यवस्थापन | रिठुमाला आ वि | ५० हजार |
| | विद्यालय मर्मत सुधार | शिवालय मा वि | ५० हजार |
| ४ | सोलार मर्मत | जनता मा वि | १ लाख |
| | सोलार मर्मत | गाउँफर्क मा वि | १ लाख |

**कार्यपालिका निर्णय नं २०८१/०८२-०९।१३**

प्रस्ताव नं २०८१/०८२-०९।१३ उपर छलफल गर्दा कुलेश्वर आधारभुत विद्यालय रुपा २ मा हाल इसिडी र कक्षा १ मात्र सञ्चालनमा रहेको र उक्त विद्यालयमा इसिडी शिक्षक १ वटा र शिक्षकको २ वटा दरबन्दी रहेको र विद्यार्थी संख्या समेत अत्यन्त न्यून रहेकाले शिक्षक उमा तिवारी गैह्रेलाई श्री कमल आधारभुत विद्यालय ,रुपा ६( कक्षा इसिडी देखी ५ सम्म संचालनमा रहेको र कक्षा अनुसार शिक्षक अपुग भएको )मा काजमा खटाउने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०९।१४**

प्रस्ताव नं २०८१/०८२-०९।१४ उपर छलफल गर्दा रूपा गाउँपालिका कास्की अन्तर्गतका विद्यालयहरूको नियमित अनुगमन गरी शैक्षिक गुणस्तर सुधार गर्न तपसिल बमोजिमको रुपा गाउँपालिका स्तरीय विद्यालय अनुगमन समिति गठन गरियो ।

**तपसिलः**

श्री कृष्णराज सुवेदी, संयोजक
श्री दिपेन्द्र गौतम, सदस्य
श्री महेन्द्र कुमार श्रेष्ठ, सदस्य
श्री सबाबक्स मिया, सदस्य
मनोनित शिक्षक
श्री शिक्षा शाखा प्रमुख/उपप्रमुख शिक्षा शाखा, सदस्य सचिव

**कार्यपालिका निर्णय नं २०८१/०८२-०९।१५**

प्रस्ताव नं २०८१/०८२-०९।१५ उपर छलफल गर्दा रूपा गाउँपालिका भएर बहने मादी नदी खाल्टे दोभानघाटमा नदिजन्य पदार्थ उत्खनन भण्डारण र वितरणका लागि ठेक्का प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०९।१६**

प्रस्ताव नं २०८१/०८२-०९।१६ उपर छलफल गर्दा तपसिलका निर्णयहरू गरियो ।

तपसिलः

क) नेत्रहिन संघ कास्कीको युवा संघ कास्कीको प्रयास दृष्टिविहिन युवाहरूको रोजगारीमा पहुँचका लागि कुखुरा पालन कार्यक्रमको लागि पेस भएको प्रस्ताव स्वीकृत गरी रकम रू २० हजार व्यवस्थापन गरी आगामी गाउँसभामा पेस गर्ने निर्णय गरियो।

रुपा गाउँपालिका कास्की

ख) नेपाल मगर संघद्वारा आयोजित गण्डकी प्रदेश स्तरीय मगर मौलिक सास्कृतिक महोत्सव २०८१ सञ्चालनमा भएको खर्चमध्ये बिल भरपाइ अनुसार पेस भएबमोजिम रकम रू अनुमोदन गरी भुक्तानी दिने निर्णय गरियो ।

ग) रूपा गाउँपालिका वडा नं ४ निवासी कृष्णजी घिमिरेको छोरा प्रदिप घिमिरेको मिति २०८१ पुष १८ गते असामयिक निधन भएको र निजको आर्थिक अवस्था अत्यन्तै कमजोर भएकाले निजको काज किरिया राहतस्वरूप निजको पत्नी सरस्वती गौली घिमिरेलाई रकम रू ५० हजार सहायता प्रदान गर्ने ।

घ) रूपा गाउपालिका वडा नं .६ निवासी जमानत अलि मियाँको मिति २०८१/१०/०८ गते अचानक विद्युत सटभई निजको घर पूर्ण रुपमा जलेर नष्ट भएकोको भनी वडाको सिफारिस सहित आर्थिक सहायताका लागि मिति २०८१/१०/१५ मा निवेदन पेस गरेकाले निजलाई राहत/सहायता स्वरुप रु. ३०,०००/) -अक्षरेपि तीस हजार मात्र (भुक्तानी प्रदान गर्ने ।

ङ) रुपा गाउँपालिका वडा नं ७ निवासी जीवन विश्वकर्माकी वर्ष ९ की छोरी रजिना विश्वकर्मा लडेर हात भाँचिइ अप्रेशन सहित लामो समयसम्म उपचारत रहिरहेको र निजको आर्थिक अवस्था अत्यन्त कमजोर भएकाले थप उपचारमा समस्या भएको भनि मिति २०८१/१०/१५ मा यस कार्यालयमा आर्थिक सहायताका लागि निवेदन पेस गरेकाले निजको थप उपचारको लागि रकम रु ३०,०००।– (अक्षरेपि तिस हजार मात्र) आर्थिक सहायता/राहत प्रदान गर्ने ।

च) तपसिलका विभिन्न संघ, संस्थाहरूले विभिन्न मितिमा कार्यक्रम सञ्चालनार्थ प्रस्तावना, प्रतिवेदन, सम्झौता सहित पेस भएको निवेदनका आधारमा देहायको रकम अनुमोदन गरी कार्यपालिकाको निर्णयबाट हुने चालु खर्च शीर्षकमा खर्च लेखेगरी भुक्तानी दिने निर्णय गरियो ।

**<u>तपसिलः</u>**

| क्र.सं. | संस्थाको नाम | कार्यक्रम | स्वीकृत रकम |
|---|---|---|---|
| १ | नेवाः मिसाः पुचः लेखनाथ | प्रथम यमरी तथा नेवारी साँस्कृतिक कार्यक्रम २०८१ | २५०००।- |
| २ | गण्डकी प्रदेश भलिवल संघ | काभा पुरुष भलिवल क्लब च्याम्पियनसिप कार्यक्रम | ४५०००।- |
| ३ | प्रभात समुह पोखरा | विद्यार्थी महोत्सव २०८१ | ४००००।- |
| ४ | लेखनाथ जुनियर जेसीस | १३ औं राष्ट्रिय जुनियर जेसिस लिडर्स सम्मेलन २०८१ | २००००।- |
| ५ | गगन नेवाः खल | सातौं लेखनाथ स्तरीय तायाः मचाः नृत्य प्रतियोगिता एवंम् गाईजात्रा महोत्सव २०८१ | २५०००।- |
| ६ | नेपाल मगर संघ गण्डकी प्रदेश | मगर मौलिक साँस्कृतिक सम्मेलन २०८१ | २००००।- |
| ७ | माझगाउँ आदर्श युवा क्लब | खुल्ला तीज गीत प्रतियोगिता २०८१ | ३५०००।- |
| ८ | आदर्श युवा क्लब | २५ औं आदर्श कप फुटवल प्रतियोगिता २०८१ | २५०००।- |



रुपा गाउँपालिका, कास्की

छ) रूपा गाउँपालिका कास्की र गोनेसासँगको ५०।५० लागत साझेदारीमा कर्मचारी व्यवस्थापन गर्ने ।

ज) रूपा ३ पोल्याङमा रहेको झोलुङ्गेपुलमा जाने सिँढीबाटो निर्माणका लागि विनियोजित रकम न्युन भएकाले रकम रू १ लाख ५० हजार थप गर्ने ।

झ) रूपा गाउँपालिका वडा नं ७ र १ भएर बहने मादी नदी र वृद्दिखोलाको ढुङ्गा गिटी बालुवाको लागि ठेक्का प्रक्रिया अगाडि बढाउने ।

मिति २०८१ माघ १५ गते बसेको गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...
प्रमुख प्रशासकीय अधिकृत
रुपा गाउँपालिका कास्की

रूपा गाउँपालिका का